# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, माघ २१ गते २०६४ साल (संख्या ४२

## भाग ५

### नेपाल सरकार
### अर्थ मन्त्रालयको

#### सूचना १

नेपाल सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समूह ११ को प्रकरण २६ ले दिएको अधिकार प्रयोग गरी Danish Supported Energy Sector Assistance Programme (ESAP) ले नेपालमा आ.व. २०६१।०६२ र २०६२।०६३मा खरिद गरेको वस्तु तथा सेवाको मूल्य अभिवृद्धि कर फिर्ता दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

#### सूचना २

नेपाल सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समूह ११ को प्रकरण २६ ले दिएको अधिकार प्रयोग गरी United Nation Mission in Nepal (UNMIN) ले नेपालमा खरिद गरेको बिल अनुसारको वस्तु तथा सेवाको मूल्य अभिवृद्धि कर रु. ३८,४९,८०१।- (अठतीस लाख उनान्चास हजार आठ सय एक) फिर्ता दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल खाद्य संस्थानको लागि जापान सरकारले सहयोग स्वरुप प्रदान गरिने जापानी ऐन २९,३६,९१,४५४.५६ (उनान्तीस करोड छत्तीस लाख एकान्नब्बे हजार चारसय चौवन्न पैसा छपन्न) मूल्य बराबरको ३० के.जी.को बोरामा प्याकिङ्ग भएको ५२४९.७४ (पाँच हजार दुई सय उनान्चास दशमलव चौहत्तर) मे.टन चामल, ३५०० (तीन हजार पाँच सय) थान १८ (अठार) बण्डल खाली बोरा र ६५०० (छ हजार पाँच सय) सिट (१३ रोल) निशान आयात गर्दा भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क समेत पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी Tilganga Eye Centre को लागि The Fred Hollow foundation, Australia बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ३६,५०३.२० (छत्तीस हजार पाँच सय तीन सेन्ट बिस) मूल्य बराबरको आँखा उपचारका उपकरणहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निणय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नयाँ दिल्ली स्थित नेपाली राजदुतावासको नाउँमा रहेको भा. रू. ६,१८,४१५।५० (छ लाख अठार हजार चार सय पन्ध्र, पैसा पचास) मूल्य पर्ने Toyota Qualis Jeep सवारी साधन कुटनैतिक नम्बर प्लेटमा रहेकाले सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क लगायत सम्पूर्ण कर महसुल पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र बांसबारी काठमाडौंले अमेरिकी डलर ६,४७,१७४.०० (छ लाख सतचालीस हजार एक सय चौहत्तर), जापानी ऐन ९५,३१,०००.०० (पन्चानब्बे लाख एकतीस हजार), सिंगापुर डलर ४४,०५०.०० (चवालीस हजार पचास) र भा.रू, २४,०४०३६।६० (चौबीस लाख चार हजार छत्तीस, पैसा साठी) मूल्य बराबरको देहायको विवरण बमोजिमको उपकरणहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| S.No. | Description |
|---|---|
| 1 | Lab Reagents |
| 2 | ECG & Defibrillator Machine |
| 3 | Surgical Sutures |
| 4 | Pacemakers |
| 5 | PTCA Balloon |
| 6 | Mechanical Heart Valves |
| 7 | CVP Cathers |
| 8 | PTMC Balloon |
| 9 | Patch & Graft |
| 10 | PM KIT |
| 11 | CVP Catheters |
| 12 | Oxygenators, Vascular Sheath & Hemoconcentator |

## सूचना ७

नेपाल सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ को समूह ११ को प्रकरण १८ ले दिएको अधिकार प्रयोग गरी Ridi Hydropower Development Co. (P.) Ltd. ले आ.२०६३।०६४ मा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयात गरेको ५८६.४८ मेट्रिक टन फलामका प्लेटहरूको अमेरिकी डलर ३,६७,२४६.०४ (तीन लाख सतसठ्ठी हजार दुई सय छयालीस, सेण्ट चार) मा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

मुद्रण विभाग, सिंहदरबार,



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो,द्ध.द.नं. १६।०६२।६३

०६५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६०क. बमोजिम सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ :-

| मनोनयन गर्ने राजनीतिक दल | मनोनित व्यक्ति र जिल्ला |
|---|---|
| नेपाली कांग्रेस | १. श्री ऋषिकेश तिवारी, पर्वत |
| | २. श्री नागेन्द्र झा, सप्तरी |
| | ३. श्री लक्ष्मण राय, सर्लाही |
| नेपाल कम्युनिष्ट पार्टी(एमाले) | १. रविन्द्र बैठा, सर्लाही |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | १. श्री अभिषेक प्रताप शाह, कपिलवस्तु |
| | २. श्री राशनारायण राय, सर्लाही |
| | ३. श्री नरेन्द्रकुमार चौधरी, सुनसरी । |

आज्ञाले,
मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.द.नं. १६।०६३।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।